# फेदीखोला गाउँपालिकाको
# गाउँसभाको १८ औं अधिवेशन समक्ष पेश भएको २०८३/०८४ को बजेट वक्तव्य

श्रद्धेय सभाध्यक्षज्यू,

सभाका सचिवज्यू,

गाउँ सभा सदस्यज्यूहरू,

सर्वप्रथम, फेदीखोला गाउँपालिकाको यस गरिमामय गाउँसभाको १८ औँ अधिवेशनमा गाउँसभामा आर्थिक वर्ष २०८३।०८४ वार्षिक ब जेट तथा कार्यक्रमप प्रस्तुत गर्ने अवसर प्राप्त भएकोमा मैले गौरवान्वित महसुस गरेको छु । जनताको सार्वभौम अधिकार, लोकतान्त्रिक मूल्य मान्यता तथा समावेशी शासन व्यवस्थाको संस्थागत विकासका लागि इतिहासका विभिन्न कालखण्डमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात तथा अज्ञात सम्पूर्ण शहीदहरूप्रतिहार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, लोकतान्त्रिक आन्दोलन, जनआन्दोलन, जनयुद्ध, आदिवासी जनजाति आन्दोलन, मधेश आन्दोलन तथा विभिन्न राजनीतिक परिवर्तनका अभियानमा योगदान पुऱ्याउनुहुने सम्पूर्ण अग्रजहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

- संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले परिकल्पना गरेको स्थानीय स्वशासन, जनउत्तरदायी शासन र विकासको अधिकारलाई व्यवहारमा कार्यान्वयन गर्ने क्रममा स्थानीय तहको दोस्रो निर्वाचनपछिको **पाँचौं वार्षिक बजेट तथा कार्यक्रम** गाउँपालिकाको उपाध्यक्षको हैसियतले प्रस्तुत गर्न पाउँदा म गौरव र जिम्मेवारी दुवै अनुभूति गरिरहेको छु । जनताको मतबाट स्थापित स्थानीय सरकारको मुख्य दायित्व नागरिकको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउनु हो भन्ने मान्यतालाई आत्मसात गर्दै यो बजेट तयार गरिएको छ ।
- नेपालको संविधानको धारा २३० बमोजिम प्रस्तुत गर्न लागिएको आगामी आर्थिक वर्षको राजस्व तथा व्ययको अनुमान केवल आय–व्ययको दस्तावेज मात्र नभई संघीयताको आधारभूत मर्मलाई थप सुदृढ बनाउने, स्थानीय सरकारप्रति नागरिकको विश्वास अभिवृद्धि गर्ने र विकास तथा सुशासनको यात्रालाई नयाँ उचाइमा पुऱ्याउने राजनीतिक तथा विकासात्मक प्रतिबद्धताको दस्तावेज हो । यो बजेटले गाउँपालिकाभित्र समावेशी विकास, सामाजिक न्याय, उत्पादनशील अर्थतन्त्र, गुणस्तरीय सेवा प्रवाह तथा नागरिकमैत्री शासन प्रणालीलाई थप बलियो बनाउने विश्वास लिएको छु ।
- "**समृद्ध फेदीखोला, सुखी फेदीखोलावासी**" भन्ने हाम्रो दीर्घकालीन सोचलाई आत्मसात गर्दै समतामूलक विकास, सामाजिक सद्भाव, आर्थिक समृद्धि र सुशासनलाई केन्द्रमा राखी बजेट तथा कार्यक्रम निर्माण गरिएको छ। विकासका प्रतिफल प्रत्येक नागरिकसम्म पुऱ्याउने, युवालाई अवसर सिर्जना गर्ने, महिलाको सशक्तीकरण,

कृषिको आधुनिकीकरण, पर्यटन प्रवर्द्धन तथा पूर्वाधार विकासमार्फत समुन्नत, सभ्य, सुन्दर र आत्मनिर्भर फेदीखोला निर्माण गर्ने हाम्रो साझा सङ्कल्प रहेको छ।

- वर्तमान नेपालको आर्थिक अवस्था, स्रोत–साधनको सीमितता तथा बढ्दो जनअपेक्षाका बीच उपलब्ध स्रोतको अधिकतम परिचालन गर्दै विकास र सेवा प्रवाहलाई प्रभावकारी बनाउने चुनौती हाम्रो सामु रहेको छ। यस चुनौतीलाई अवसरका रूपमा रूपान्तरण गर्दै उत्पादन, रोजगारी, उद्यमशीलता, सामाजिक सुरक्षा, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार विकासलाई उच्च प्राथमिकतामा राखी बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ
- आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, दीर्घकालीन राष्ट्रिय विकास लक्ष्य, सोह्रौँ योजना, दिगो विकासका लक्ष्य, फेदीखोला गाउँपालिकाको २० वर्षे एकीकृत विकास गुरुयोजना (२०७८/०७९–२०९७/०९८), गण्डकी प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजना, मध्यमकालीन खर्च संरचना, गाउँपालिकाको नीति तथा कार्यक्रम, कार्यपालिका र गाउँसभाका सदस्यहरूबाट प्राप्त सुझाव, राजनीतिक दल, नागरिक समाज, निजी क्षेत्र, विषयगत समितिहरू तथा विभिन्न सरोकारवालाहरूबाट प्राप्त रचनात्मक सुझावलाई मार्गदर्शक सिद्धान्तका रूपमा अवलम्बन गरिएको छ।

**सभाध्यक्षज्यू,**

जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दल, नागरिक समाज, विकास साझेदार तथा सम्पूर्ण फेदीखोलावासीको साझा सहभागिता, सहकार्य र प्रतिबद्धताबाट मात्र समृद्ध फेदीखोला निर्माणको हाम्रो लक्ष्य हासिल गर्न सकिन्छ भन्ने दृढ विश्वासका साथ, गत आर्थिक वर्षमा स्वीकृत नीति, योजना तथा कार्यक्रमहरूको कार्यान्वयनबाट हासिल भएका प्रमुख उपलब्धि तथा हालसम्मको संक्षिप्त प्रगति विवरण यस सम्मानित गाउँसभा समक्ष प्रस्तुत गर्न अनुमति चाहन्छु

- चालु आर्थिक वर्ष २०८२/०८३ का लागि प्रारम्भमा रु**. ४२ करोड १७ लाख ५३ हजार २००** बजेट विनियोजन गरिएकोमा संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने स्रोत तथा आन्तरिक राजश्वकमा आएको संकुचनका कारण हिउँदे गाउँसभाबाट बजेट संशोधन गरी रु**. ३७ करोड १ लाख ५७ हजार ९१६** कायम गरिएको र संशोधित बजेटमध्ये हालसम्म रु**. २५ करोड ३ लाख ७२ हजार ९२२ अर्थात् ६७.६३ प्रतिशत** खर्च भएको छ। चालु आर्थिक वर्षको अन्त्यसम्म कुल संशोधित बजेटको करिब ९० प्रतिशत खर्च हुने अनुमान गरेको छु।
- **आर्थिक विकासतर्फ** विनियोजित रकम रु. १ करोड ९३ लाख ४४ हजार ९१६ मध्ये हालसम्म रु. ६१ लाख ४२ हजार ७१५ अथात् ३१.७५ प्रतिशत हो खर्च भएको छ।
- **सामाजिक विकासतर्फ** विनियोजित रु. १८ करोड ८४ लाख ४० हजार ४२७ मध्ये हालसम्म रु. १४ करोड ४ लाख ५४ हजार ९०९ अथात् ७४.५४ प्रतिशत खर्च भएको छ।

- **पूर्वाधार विकासतर्फ** विनियोजित रु. ६ करोड ४३ लाख ९८ हजार ८२३ मध्ये हालसम्म रु. ४ करोड २३ लाख १६ हजार ९५४ अथात् ६५.७० प्रतिशत खर्च भएको छ।
- **सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रतर्फ** विनियोजित रु. १ करोड ३४ लाख ५२ हजार मध्ये हालसम्म रु. २० लाख ४२ हजार ५०५ अथात् १५.१८ प्रतिशत खर्च भएको छ।
- **कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रतर्फ** विनियोजित रु. ८ करोड ४५ लाख २१ हजार ७५० मध्ये हालसम्म रु. ५ करोड ९४ लाख १५ हजार ८३९ अथात् ७०.३० प्रतिशत खर्च भएको छ।
- **राजश्व संकलनः चालु आर्थिक बर्षको हाल सम्म गाउँपालिका तथा राजश्व संकलन केन्द्रबाट रू १** करोड १० लाख ८ सय २२ रूपैयाँ राजश्व संकलन भएको छ।
- सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शी र नागरिकमैत्री बनाउन जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता विकास कार्यक्रम सञ्चालन, एकीकृत घुम्ती शिविरमार्फत घरदैलोमा सेवा प्रवाह, नागरिक वडापत्र अद्यावधिक, गाउँपालिकामा एकीकृत सेवा केन्द्र निर्माण कार्य अगाडि बढाइएको तथा QR Code सहितको गुनासो व्यवस्थापन प्रणाली कार्यान्वयनमा ल्याइएको छ।
- गाउँपालिकाको स्थापनाकालदेखि हालसम्म निर्माण भएका स्थानीय कानूनहरूको अभिलेखीकरण गरी *कानून संग्रह* प्रकाशन कार्य सम्पन्न गरिएको छ। चालु आर्थिक वर्षमा हालसम्म ५ वटा कानून निर्माण तथा स्वीकृत भएका छन् भने न्यायिक समितिको इजलास निर्माण कार्य भइ रहेको छ।
- गाउँपालिकाको स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (LGPAS) अन्तर्गत गत आर्थिक वर्षको विवरण प्रविष्टि कार्य सम्पन्न गरी ८०.८० अङ्क प्राप्त गर्दै गुणस्तर परीक्षणका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पेश गरिएको छ।
- कृषि कार्यक्रम सञ्चालनका लागि आन्तरिक स्रोतबाट रु. ८ लाख, वडास्तरका कार्यक्रमका लागि रु. ११ लाख तथा संघीय हस्तान्तरणमार्फत रु. ५३ लाख गरी कुल रु. ७२ लाख विनियोजित बजेटबाट
- गाउँपालिकास्तरीय कृषि मेला कार्यक्रम सम्पन्न भई २७ विधामा पुरस्कार वितरण तथा निःशुल्क माटो परीक्षण र बाली उपचार सेवा प्रदान गरिएको
- कृषक पाठशाला सञ्चालन २ स्थानमा कृषक पाठशाला सञ्चालन भई ६३ जना कृषक सहभागी भएका।
- मौरी घार निरीक्षण तथा मूल्याङ्कन अनलाइन प्रणाली सफ्टवेयर खरिद प्रक्रियामा रहेको।
- कृषि उपजको बजारीकरण अन्तर्गत उत्पादनमा आधारित अनुदान तथा न्यूनतम समर्थन मूल्य कार्यक्रम अन्तर्गत हालसम्म रु. ६,७८,६७१ खर्च भएको र मौरी दिवस तथा कृषक पाठशाला कार्यक्रम सम्पन्न भएको।
- मकै बीउ उत्पादन कार्यक्रम अन्तर्गत फेदीखोला–४ जैसीडाँडा, वडा नं. २ बहाँटारी र वडा नं. ३ भाटखोलामा गरी करिब ७७० रोपनी क्षेत्रफलमा मकै बीउ खेती गरिएको।

- बाँझो जग्गा सदुपयोगका लागि कृषि विकास कार्यक्रम अन्तर्गत ६७ जना कृषकहरूलाई ३०८ रोपनी बाँझो जग्गामा खेती विस्तारका लागि प्रतिरोपनी रु. ३,००० का दरले अनुदान वितरणको प्रक्रियामा रहेको।
- तरकारी पकेट विस्तार कार्यक्रम अन्तर्गत बाँगे कृषक समूहसँग साझेदारीमा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन भई अन्तिम चरणमा पुगेको।
- मौरी प्रवर्द्धन कार्यक्रम अन्तर्गत २ जना कृषकलाई प्रति कृषक २५ वटा मौरीघार वितरण भएको र ग्राफ्टिङ विधिबाट रानी मौरी उत्पादन कार्यक्रम सम्पन्न भएको ।
- शिक्षाको गुणस्तर अभिवृद्धिका लागि आधारभूत तह (कक्षा ५ र ८) को परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन, शिक्षक क्षमता विकास, शिक्षक मेन्टरिङ, विद्यालय सुपरीवेक्षण तथा शैक्षिक सुशासन सम्बन्धी कार्यक्रमहरू सम्पन्न भएका
- विद्यालयमा गुणस्तरीय सिकाइ वातावरण सुनिश्चित गर्न स्थानीय पाठ्यपुस्तक छपाइ, शैक्षिक क्यालेण्डर कार्यान्वयन, अभिभावक शिक्षा कार्यक्रम तथा प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ एवं डिजिटल सामग्री व्यवस्थापनका लागि अनुदान उपलब्ध गराउने कार्य सम्पन्न भएका
- विद्यालय सञ्चालन तथा व्यवस्थापनलाई सुदृढ बनाउन विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान, प्रारम्भिक बाल विकास सहजकर्ता पारिश्रमिक, विद्यालय कर्मचारी व्यवस्थापन तथा कार्यसम्पादनमा आधारित अनुदान कार्यक्रम कार्यान्वयन गरिएको
- शिक्षामा समान पहुँच र अवसर सुनिश्चित गर्न सार्वजनिक विद्यालयका विद्यार्थीलाई निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, सामुदायिक विद्यालयका छात्राहरूलाई निःशुल्क स्यानिटरी प्याड वितरण र निरन्तर शिक्षा कार्यक्रमहरू सम्पन्न गरिएको
- खेलकुद, सीपमूलक तथा प्राविधिक शिक्षाको प्रवर्द्धनका लागि राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, प्राविधिक शिक्षा अध्ययनरत विपन्न तथा दलित विद्यार्थीलाई छात्रवृत्ति, निजी स्रोतका शिक्षकलाई पोशाक भत्ता तथा मागमा आधारित 'एक विद्यालय–एक उद्यम' कार्यक्रम सञ्चालन गरिएको
- आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तार गर्दै चालु आर्थिक वर्षमा कुल १२,८४३ जनालाई स्वास्थ्य सेवा प्रदान गरिएको छ, जसमध्ये महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकामार्फत ११,८४३ जना तथा गाउँघर क्लिनिकमार्फत २,२२१ जनाले सेवा प्राप्त गरेका
- सुरक्षित मातृत्व तथा मातृ स्वास्थ्य प्रवर्द्धनका लागि ५ जना महिलाले संस्थागत सुत्केरी सेवा प्राप्त गरेका छन् भने ६९ जना गर्भवती महिलाले Video X-ray (भिडियो एक्स–रे) सेवा प्राप्त गरेका छन्।
- ज्येष्ठ नागरिकहरूको स्वास्थ्य सुरक्षालाई प्राथमिकता दिँदै **जेष्ठ नागरिक स्वास्थ्य स्याहार कार्यक्रम** मार्फत नियमित स्वास्थ्य परीक्षण, उपचार तथा परामर्श सेवा प्रदान भएको

- पोषण सुधार तथा खाद्य सुरक्षालाई प्रवर्द्धन गर्न पोषण विशेष कार्यक्रमअन्तर्गत प्रारम्भिक बाल विकास (ECD) कक्षा व्यवस्थापन, पोषण सूचकहरूको अवस्था पहिचानका लागि घरधुरी सर्वेक्षण, कुखुरा खोर निर्माण र 'एक घर–एक करेसाबारी' कार्यक्रम समेतका अन्य पोषणसँग सम्बन्धीत कार्यक्रमहरू सञ्चालन गरिएको

- आन्तरिक रोजगारी तथा उद्यमशीलता प्रवर्द्धनका लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूलाई लक्षित उद्यमशीलता प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको छ भने रोजगारका अवसर, चुनौती तथा सम्भावनाबारे छलफल र समन्वयका लागि रोजगार संवाद मञ्च सञ्चालनमा ल्याइएको
- औपचारीक तथा अनौपचारीक क्षेत्रका श्रमिक/ कामदार, करार सेवामा कार्यरत कर्मचारीहरू, विद्यालयहरूको अस्थायी तथा राहत शिक्षकहरू, विद्यालय कर्मचारीहरू र प्रारम्भिक बाल विकास शिक्षकहरू गरी हालसम्म जम्मा **२१५ जना** व्यक्तिहरू सामाजिक सुरक्षा कोषमा आवद्ध भएका छन् ।
- प्रारम्भिक बाल विकास शिक्षाको गुणस्तर अभिवृद्धि गर्न बाल विकास सहजकर्ता तथा सम्बन्धित जनशक्तिका लागि मन्टेश्वरी तालिम सञ्चालन गरिएको
- वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन समुदायस्तरमा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी सचेतना अभिवृद्धि गरिएको छ।

- सामाजिक विकास क्षेत्रका कार्यक्रमहरूको प्रभावकारिता, पारदर्शिता तथा जवाफदेहिता अभिवृद्धिका लागि गाउँपालिकाको **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण (GEDSI Audit)** सम्पन्न गरिएको छ, जसमा ७०.५ अङ्क प्राप्त भएको
- सामाजिक सुरक्षा तथा नागरिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन ७ वटा संघसंस्था र ३ वटा खानेपानी तथा सरसफाइ उपभोक्ता समिति दर्ता, १५ वटा संघसंस्था तथा ११ वटा उपभोक्ता समितिको नवीकरण, १० वटा टेम्पो/अटो रिक्सा सञ्चालन अनुमति प्रदान गरिएको छ। साथै १२ जना अपाङ्गता भएका व्यक्तिहरू तथा १४९ जना ज्येष्ठ नागरिकलाई परिचयपत्र वितरण गरी राज्यका सेवामा पहुँच सुनिश्चित गरिएको छ ।
- महिला अधिकार, लैङ्गिक समानता तथा सामाजिक सचेतना अभिवृद्धिका लागि लैङ्गिक हिंसा विरुद्धको १६ दिने सञ्चालन गरिएको

- महिला, दलित तथा अपाङ्गता भएका व्यक्तिहरूको सशक्तीकरण र जीविकोपार्जनमा टेवा पुऱ्याउन क्षमता विकास तालिम, अपाङ्गता लक्षित कार्यक्रम तथा दलित महिला लक्षित आयआर्जन कार्यक्रम सम्पन्न गरिएको

- वडा सदरमुकामसम्म कालोपत्र सडकको पहुँच पुऱ्याउने कार्यक्रम अन्तर्गत कार्यान्वयन भइरहेको खड्केटारी-बाँगे-पञ्चासे सडकको गाउँले पधेरा सिरानचौर सडक खण्ड कालोपत्र गर्ने कार्य अन्तर्गत हालसम्म सडक चौडा गर्ने, सडक संरचना निर्माण गर्ने कार्यहरू भई चालु आवमा विनियोजित १ करोड ७४ लाख बजेटबाट विनियोजित बजेटको करिब ८० प्रतिशत र कुल कार्यको करिब ३५ प्रतिशत प्रगति भएको छ।
- कुभिण्डे मट्टीखान नुवाकोट सडकको लागि  विनियोजित रू १ करोड २ लाख लागतमा थप ५३० मिटर सडक कालेपत्र गर्ने कार्य सम्पन्न भएको छ
- सर्केटारी आरुखर्क गलेम पञ्चासे सडकको जैसीडाँडा देउराली सडक खण्डको ३०० मिटर कालोपत्र गर्ने कार्य र भिर खण्डको अप्ठ्यारा स्थानमा सडक ढलान गर्ने कार्य रू ६३ लाख लागतमा सम्पन्न भएको
- गाउँपालिकाको प्रशासकीय भवनको अन्तिम भुक्तानी भएको तथा भवन परिसरमा कम्पाउण्ड वाल र प्रवेशद्वार निर्माण कार्य अन्तिम चरणमा पुगेको छ
- प्रदेश विशेष अनुदान अन्तर्गत बाँगेमा रहेको मैदान माध्यमिक विद्यालयमा चारकोठे भवनको तलाथपको कार्य अन्तिम चरणमा पुगेको छ
- संघीय शशर्त अनुदान अन्तर्गत फेदीखोला ४ मा सञ्चालित शेरबजार कुँवापानी  जैसीडाँडा सडकको निर्माण कार्य सञ्चालन भइरहेको
- राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत सबै वडाहरूमा एक एकवटा योजनाहरू कार्यान्वयनमा रहेका छन्
- सडक बोड नेपाल र गाउँपालिकाको साझेदारीमा फेदीखोला कर्मीडाँडा मट्टीखान सडकको पोखरी पैरे खण्डमा मर्मत सुधार कार्य भईरहेको
- पोखरा महानगरपालिका र गाउँपालिकाको साझेदारीमा रू २५ लाख लागतमा उल्लेरी टोड्के सडकको मर्मत सुधार कार्य सम्पन्न भएको
- संघीय शशर्त अनुदानबाट गाउँपालिकाको वडा नं २ मा ३२ मिटर लम्बाईको लामाचौर स्थानचौर ट्रसपुल निर्माण सम्पन्न भएको
- उपभोक्ता समिति मार्फत् कार्यान्वयन भएका पालिकास्तरीय तथा वडास्तरीय ७९ योजनाहरूमध्ये ३२ वटा योजनाहरू सम्पन्न भएका र बाँकी योजना कार्यान्वयनमा रहेका छन्
- फेदीखोला २ स्थित गाउँपालिकाको अस्थायी फोहोरमैला संकलन तथा वर्गिकरण केन्द्रबाट सबै वडाहरूबाट फोहोरमैला संकलन गर्ने, उक्त केन्द्रमा वर्गिकरण गर्ने र विक्रि गर्ने कार्य नियमित रूपमा भई रहेको छ। फोहोरमैला संकलनको लागि गाउँपालिकाको आफ्नै सवारी साधन खरिदको प्रक्रिया अन्तिम चरणमा रहेको छ।

**आदरणीय गाउँसभाका अध्यक्ष ज्यू लगायत सदस्यज्यूहरु**

अब म  आगामी आर्थिक बर्ष २०८३।०८४ को नीति, कार्यक्रम तथा बजेटले अख्तियार गरेका उद्देश्यहरु यस सम्मानित सभा समक्ष राख्ने अनुमति चाहन्छु ।

**बजेटका उद्देश्यहरुः**

१. सुखी, समृद्ध र आत्मनिर्भर फेदीखोला गाउँपालिका निर्माणका लागि २१औं शताब्दी सुहाउँदो प्रविधिमैत्री स्थानीय शासनको आधारशिला तयार गर्ने ।

२. दिगो विकास लक्ष्य (SDGs) ले परिलक्षित गरेका उद्देश्यहरूको प्राप्तिका लागि आवश्यक आधार निर्माण गर्ने ।

३. राष्ट्रिय बजेट तथा सोह्रौँ आवधिक योजनाले निर्धारण गरेका लक्ष्य तथा उद्देश्यहरूको परिपूर्तिमा योगदान पुर्‍याउने ।

४. योजना तर्जुमा तथा विकास प्रक्रियामा स्थानीय जनताको स्वःस्फूर्त सहभागिता अभिवृद्धि गर्दै स्थानीय शान्ति, लोकतन्त्र, मानव अधिकार र सुशासनलाई सुदृढ बनाउने ।

५. लैङ्गिक हिंसा, घरेलु हिंसा तथा सबै प्रकारका सामाजिक विभेद न्यूनीकरण गर्दै समतामूलक, समावेशी र न्यायपूर्ण समाज निर्माणको आधार तयार गर्ने ।

६. गाउँपालिकाको दिगो, समावेशी तथा एकीकृत विकासका लागि आवश्यक आधारशिला तयार गर्ने ।

७. संघीय तथा प्रदेश सरकारले निर्धारण गरेका राष्ट्रिय तथा प्रादेशिक लक्ष्य र उद्देश्यहरूको प्राप्तिका लागि सहकार्य, समन्वय र साझेदारीलाई सुदृढ बनाउने ।

८. गाउँपालिकाको २० वर्षे गुरु योजनाले निर्धारण गरेका लक्ष्य तथा उद्देश्यहरूको क्रमिक र प्रभावकारी कार्यान्वयनमार्फत परिपूर्ति गर्ने ।

**बजेटले लिएका प्राथमिकताहरु**

उल्लेखित उद्देश्यहरूको परिपूर्तिका लागि यस बजेटमा देहायबमोजिमका प्राथमिकताहरू निर्धारण गरेको छ–

१. स्थानीय ग्रामीण सडक, खानेपानी, सिँचाइ, भवन, पुललगायतका आधारभूत पूर्वाधारहरूको निर्माण, स्तरोन्नति तथा सुदृढीकरणमार्फत आर्थिक विकास, दिगो विकास र एकीकृत विकासलाई प्रवर्द्धन गर्ने।

२. संस्थागत क्षमता अभिवृद्धि गर्दै प्रविधिमैत्री, पारदर्शी, जवाफदेही तथा नागरिकमैत्री सेवा प्रवाह सुनिश्चित गरी गाउँपालिकाको सर्वाङ्गीण विकासलाई गति दिने।

३. स्थानीय सुशासन, पारदर्शिता, जवाफदेहिता तथा सहभागितामूलक विकास प्रक्रियालाई सुदृढ गर्दै सन्तुलित विकासलाई प्रवर्द्धन गर्ने।

४. शिक्षा, स्वास्थ्य, कृषि, पशुपन्छी, सामाजिक विकास तथा रोजगारीका क्षेत्रहरूको विकास र विस्तार गर्दै वन, जैविक विविधता तथा वातावरण संरक्षण र संवर्द्धनलाई प्राथमिकता दिने।

५. लैङ्गिक समानता, सामाजिक समावेशीकरण, महिला सशक्तीकरण तथा लक्षित वर्गहरूको क्षमता विकास र सहभागिता अभिवृद्धिलाई प्राथमिकता दिने।

६. संघीय तथा प्रदेश सरकारसँगको समन्वय, सहकार्य र साझेदारीलाई सुदृढ गर्दै ठूला तथा रणनीतिक पूर्वाधार आयोजनाहरूको निर्माण र विकासलाई प्राथमिकता दिने।

७. गाउँपालिकाको २० वर्षे गुरु योजनाले निर्धारण गरेका लक्ष्य, उद्देश्य तथा विकास प्राथमिकताहरूको क्रमिक र प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्ने।

८. उत्पादन, उत्पादकत्व, उद्यमशीलता, पर्यटन प्रवर्द्धन तथा आन्तरिक रोजगारी सिर्जनामार्फत स्थानीय अर्थतन्त्रलाई सबल र आत्मनिर्भर बनाउने।

गण्डकी प्रदेशको केन्द्रसंग जोडिएको स्याङ्जा जिल्लाकै सबैभन्दा ठूलो शहरी नाकाको रुपमा स्थापित हुनसक्ने यस सुन्दर फेदीखोला गाउँपालिकामा सडक, खानेपानी, विद्युत, शिक्षा, स्वास्थ्य जस्ता शहरी आधारभूत सेवा सुविधाको आवश्यकता बढ्दै गएको र यसलाई सम्बोधन गर्ने सन्दर्भमा विशेष ध्यान पुर्‍याउँदै गाउँपालिकाको छुट्टै पहिचान कायम गर्न ढिलो गर्न नहुने तर्फ हामी सबैको चासो हुनुपर्ने देखिन्छ। यसका लागि गाउँपालिकाको क्षेत्रगत दीर्घकालीन नीति तर्जुमा गरी कार्यान्वयन गर्नका लागि विकासका साझेदारहरुको पहिचान र उपयोग जस्ता विषयमा

परम्परागत ढंगबाट मात्र नभई दीर्घकालीन योजना सहित अघि बढ्नु पर्ने बेला आईसकेको तथ्य पनि यस अवसरमा म अनुरोध गर्न चाहन्छु ।

**आदरणीय सभाध्यक्षज्यू लगायत सदस्यज्यूहरु**

अब म, यो सम्मानीत सभासमक्ष आर्थिक बर्ष २०८३/०८४ को क्षेत्रगत बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु।

**१. संस्थागत क्षमता विकास, सुशासन तथा अन्तरसम्बन्धीत क्षेत्र तर्फः**

क) विकास निर्माण, खनिजजन्य पदार्थ उत्खनन तथा पूर्वाधार विकासका कार्यहरू वातावरणमैत्री र दिगो बनाउने उद्देश्यले आयोजना कार्यान्वयन पूर्व आवश्यक वातावरणीय अध्ययन, वातावरण संरक्षण तथा जलवायु अनुकूलन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

ख) मनसुनजन्य विपद्, आगलागी, हावाहुरी, चट्याङ, बाढीपहिरो, महामारी तथा अन्य प्रकोपबाट प्रभावित नागरिक, व्यवसाय तथा संस्थाहरूलाई तत्काल राहत, उद्धार, पुनर्स्थापना तथा विपद् प्रतिकार्य कार्य प्रभावकारी बनाउन **विपद् व्यवस्थापन कोषको** निरन्तरताको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

ग) न्यायमा नागरिकको सहज पहुँच सुनिश्चित गर्दै न्यायिक समितिको संस्थागत सुदृढीकरण, मेलमिलाप तथा विवाद निरूपण प्रक्रियालाई प्रभावकारी बनाउन तथा जिल्ला स्तरीय न्यायिक समिति भेला एवं अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

घ) गाउँपालिकाबाट सम्पादित विकास निर्माण तथा सेवा प्रवाह सम्बन्धी कार्यहरूमा पारदर्शिता, जवाफदेहिता र नागरिक सहभागिता अभिवृद्धि गर्न सार्वजनिक सुनुवाइ, व्यवस्थापन परीक्षण, सामाजिक परीक्षण, वित्तीय परीक्षण तथा आवधिक समीक्षा कार्यक्रम सञ्चालनका लागि बजेट व्यवस्था गरेको छु ।

ङ) गाउँपालिकाको सेवा प्रवाहलाई छिटो, प्रभावकारी, पारदर्शी तथा प्रविधिमैत्री बनाउन शिक्षा, स्वास्थ्य, कृषि लगायतका क्षेत्रलाई एकीकृत सूचना प्रणालीमा आबद्ध गरी **पेपरलेस गभर्नेन्स, डिजिटल अभिलेखीकरण तथा डाटा बैंक व्यवस्थापन** कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छु ।

च) सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार, डिजिटल साक्षरता अभिवृद्धि तथा जनप्रतिनिधि र कर्मचारीहरूको प्राविधिक दक्षता विकास गर्न विभिन्न क्षमता विकास तथा सूचना प्रविधि सम्बन्धी तालिम कार्यक्रम सञ्चालनका लागि बजेट व्यवस्था गरेको छु ।

छ) फेदीखोला गाउँपालिकाको ऐतिहासिक, सामाजिक, सांस्कृतिक तथा विकास यात्राको अभिलेखीकरण गर्दै भावी पुस्तासम्म स्थानीय पहिचान, उपलब्धि र अनुभव हस्तान्तरण गर्ने उद्देश्यले फेदीखोला हिजो र आज पुस्तक तथा भिडियो डकुमेन्ट्री निर्माण कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

ञ) गाउँपालिकाको तथ्याङ्क प्रणालीलाई व्यवस्थित, अद्यावधिक तथा सुरक्षित बनाउन विभिन्न क्षेत्रसँग सम्बन्धित तथ्याङ्क सङ्कलन, अभिलेखीकरण, विश्लेषण तथा डिजिटल व्यवस्थापनको कार्यलाई प्राथमिकता दिई आवश्यक बजेट विनियोजन गरेको छु।

झ) सेवाको पहुँचबाट विमुख तथा भौगोलिक रूपमा दुर्गम र ग्रामीण क्षेत्रका नागरिकहरूलाई स्थानीय तहबाट प्रदान गरिने विभिन्न सेवा सहज, सुलभ र घरदैलोमै उपलब्ध गराउने उद्देश्यले एकीकृत घुम्ती शिविर सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

ञ) गाउँपालिकाबाट प्रवाह गरिने सेवा तथा सुविधाहरू, कर्मचारी र सेवाग्राही बिचको कार्य व्यवहार, सेवा प्राप्त गर्न लागेको समय, सेवा बापतको मूल्य, परिमाण तथा गुणस्तरका सम्बन्धमा सेवाग्राहीसँग राय प्रतिक्रिया माग गर्नका लागि सूचकहरूमा आधारित **सेवाग्राही सन्तुष्टि फारम** भर्न लगाई प्रतिवेदन लिइने छ। यस कार्यका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

ट) करदातामैत्री राजस्व प्रशासनलाई प्रवर्द्धन गर्दै समयमै कर तिर्न प्रोत्साहन गर्ने उद्देश्यले आगामी आर्थिक वर्षको पुस मसान्तभित्र मालपोत तथा भूमिकर बुझाउने र व्यवसाय नवीकरण गर्ने करदाताहरूलाई कर रकममा **१० प्रतिशत छुट** प्रदान गर्ने व्यवस्था मिलाएको छु।

**सुशासन तथा अन्तरसम्बन्धीत क्षेत्रका लागि ९१ लाख ९५ हजार र कार्यलाय सञ्चालन प्रशासनिक खर्चका लागि ८ करोड ५४ लाख ३७ हजार ९ सय** विनियोजन गरेको छु।

## २. सामाजिक विकास

### स्वास्थ्य तर्फ

क) नागरिकहरूको आधारभूत स्वास्थ्य सेवामा सहज, सर्वसुलभ तथा गुणस्तरीय पहुँच सुनिश्चित गर्न गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूबाट निःशुल्क रूपमा उपलब्ध गराइँदै आएका ९८ प्रकारका अत्यावश्यक औषधि, खोप, स्वास्थ्य सामग्री तथा उपकरणहरूको नियमित आपूर्ति र व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

ख) बालबालिका तथा किशोरकिशोरीहरूको स्वास्थ्य, पोषण तथा समग्र विकासमा सुधार ल्याउने उद्देश्यले नियमित खोप सेवा, पोषण कार्यक्रम, नवजात शिशु तथा बाल्यकालीन रोगहरूको एकीकृत व्यवस्थापन, किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा तथा स्वास्थ्य सचेतना सम्बन्धी कार्यक्रम सञ्चालनका लागि ११ लाख ८७ हजार बजेट विनियोजन गरेको छु।

ग) संघीय सरकारको अनुदानमा मिर्गौला प्रत्यारोपण गरेका, नियमित डायलाइसिस गराइरहेका, क्यान्सर रोगबाट पीडित तथा मेरुदण्ड पक्षघात भएका बिरामीहरूलाई औषधि उपचार खर्च वापत मासिक रूपमा प्रदान गरिने सहायता रकम उपलब्ध गराउन ३४ लाख ४० हजार बजेट विनियोजन गरेको छु।

घ) स्वास्थ्य बीमा कार्यक्रमको पहुँच विस्तार गरी विपन्न तथा लक्षित वर्गका नागरिकलाई स्वास्थ्य बीमा सेवामा आबद्ध गर्न रु. ४ लाख बजेट विनियोजन गरेको छु।

ङ) उपाध्यक्षसँग सुत्केरी पोषण कार्यक्रम, ज्येष्ठ नागरिक स्वास्थ्य स्याहार कार्यक्रम, मधुमेह तथा उच्च रक्तचापका बिरामीहरूलाई निःशुल्क औषधि वितरण तथा ग्रामीण अल्ट्रासाउण्ड सेवा सञ्चालनका लागि रु. १९ लाख बजेट विनियोजन गरेको छु।

च) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको योगदानको उच्च मूल्याङ्कन गर्दै उहाँहरूको सम्मानजनक विदाइ तथा प्रोत्साहन कार्यक्रम सञ्चालनका लागि रु. ५ लाख बजेट विनियोजन गरेको छु।

**स्वास्थ्य तर्फका माथि** उल्लिखित कार्यक्रम तथा अन्य कार्यक्रमहरू सञ्चालनको लागि रू ३ करोड ४१ लाख ४३ हजार विनियोजन गरेको छु।

**शिक्षा तफ**

क) विद्यालय शिक्षा सुधार तथा शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले विद्यार्थीसँग अध्यक्ष कार्यक्रम, अभिभावक शिक्षा कार्यक्रम, शिक्षक क्षमता विकास कार्यक्रम तथा शिक्षा क्षेत्रसँग सम्बन्धित विभिन्न विषयगत समितिहरूको परिचालनका लागि रु. १४ लाख बजेट विनियोजन गरेको छु।

ख) विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि तथा प्रविधिमैत्री सिकाइ वातावरण निर्माण गर्न सामुदायिक विद्यालयमा आईसीटी व्यवस्थापन, मर्मत तथा सम्भार, स्थानीय पाठ्यपुस्तक परिमार्जन, विद्यालय गुरुयोजना निर्माण, विद्यालय नक्साङ्कन तथा समायोजन तथा विद्यालयहरूको भौतिक पूर्वाधार मर्मत सम्भारका कार्यक्रम सञ्चालन गर्न रु. २६ लाख बजेट विनियोजन गरेको छु।

ग) विद्यार्थीहरूमा नेतृत्व विकास, अनुशासन, सिर्जनशीलता, नवप्रवर्तन तथा सूचना प्रविधि सम्बन्धी सीप अभिवृद्धि गर्ने उद्देश्यले शैक्षिक प्रदर्शनी, स्काउट तालिम तथा विद्यार्थीहरूको आईसीटी सम्बन्धी प्रतिभा प्रदर्शन कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

घ) विद्यालयस्तरदेखि नै खेलकुदको विकास, प्रतिभा पहिचान तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने उद्देश्यले राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता लाई निरन्तरता दिन रु. ८ लाख बजेट विनियोजन गरेको छु।

ङ) सामुदायिक विद्यालयहरूको सञ्चालन तथा व्यवस्थापन सुदृढीकरण, शैक्षिक सुशासन प्रवर्द्धन, स्थानीय शिक्षा योजना कार्यान्वयन, निःशुल्क पाठ्यपुस्तक वितरण, शैक्षिक कार्यक्रम सञ्चालन तथा विपन्न एवं छात्रवृत्तिका लागि छनौट भएका विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराउने कार्यक्रम कार्यान्वयनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

**शिक्षा तर्फका माथि** उल्लिखित कार्यक्रम तथा अन्य कार्यक्रमहरू सञ्चालनको लागि रू १३ करोड ५४ लाख ८८ हजार विनियोजन गरेको छु।

**लैंगिक समानता तथा सामाजिक समावेशीकरण**

क) अपाङ्गता भएका व्यक्तिहरूको सीप, क्षमता तथा आर्थिक आत्मनिर्भरता अभिवृद्धि गर्ने उद्देश्यले सीपमूलक तथा आयआर्जन कार्यक्रम सञ्चालनका लागि रु२ लाख बजेट विनियोजन गरेको छ । .

ख) ज्येष्ठ नागरिकहरूको सम्मान, सामाजिक सहभागिता तथा पुस्तान्तरणमार्फत ज्ञान, सीप र अनुभवको हस्तान्तरणलाई प्रवर्द्धन गर्न ज्येष्ठ नागरिक सम्मान तथा अन्तरपुस्ता अनुभव हस्तान्तरण कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

ग) महिला, दलित, जनजाति, बालबालिका तथा अन्य लक्षित वर्गहरूको सामाजिक, आर्थिक तथा शैक्षिक सशक्तीकरणका साथै जातीय विभेद, छुवाछुत तथा लैङ्गिक विभेद न्यूनीकरण सम्बन्धी सचेतना अभिवृद्धि गर्न विभिन्न लक्षित कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

घ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै GEDSI Audit सञ्चालन, सहाराविहीन तथा विपन्न बालबालिकाको संरक्षण, बालमैत्री स्थानीय तह तथा सडक मानवमुक्त गाउँपालिका घोषणा लगायतका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

**लैंगिक समानता तथा सामाजिक समावेशीकरण माथि** उल्लिखित कार्यक्रम तथा अन्य कार्यक्रमहरू सञ्चालनको लागि रू १० लाख ३० हजार विनियोजन गरेको छ ।

**युवा तथा खेलकुद**

क) युवाहरूको नेतृत्व, प्रतिभा, अनुशासन तथा खेलकुद क्षेत्रको विकास र प्रवर्द्धन गर्न युवा तथा खेलकुद कार्यक्रम तथा एन्फा ग्रासरुट फुटबल प्रतियोगिता सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

ख) युवाहरूलाई स्वरोजगार, उद्यमशीलता तथा उत्पादनमूलक आर्थिक गतिविधिमा आबद्ध गराई आत्मनिर्भर बनाउने उद्देश्यले युवा घुम्ती कोषमार्फत युवा उद्यमशीलता प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि रु१० लाख . बजेट विनियोजन गरेको छ ।

**सामाजिक सुरक्षा तथा संरक्षण**

क) श्रमिक तथा कामदारहरूको सामाजिक सुरक्षाको अधिकार सुनिश्चित गर्न औपचारिक तथा अनौपचारिक क्षेत्रका श्रमिक/कामदार, करार सेवामा कार्यरत कर्मचारी, विद्यालयका अस्थायी तथा राहत शिक्षक, विद्यालय कर्मचारी तथा प्रारम्भिक बाल विकास सहजकर्ताहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने तथा उक्त कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरेको छ ।

ख) विपन्न तथा आर्थिक रूपमा कमजोर नागरिकहरूको स्वास्थ्य उपचारमा सहज पहुँच सुनिश्चित गर्न स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिँदै लक्षित परिवारहरूको स्वास्थ्य बिमा शुल्कमा सहयोग उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छु ।

## भाषा तथा संस्कृति

क) गाउँपालिकाभित्र रहेका धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा भाषिक सम्पदाहरूको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्दै स्थानीय मौलिक पहिचानको जगेर्ना गर्न त्यस्ता सम्पदाहरूको पुनर्निर्माण, मर्मत सम्भार तथा आवश्यक पूर्वाधार विकासका कार्यक्रम सञ्चालनका लागि ६ लाख ६० हजार बजेट विनियोजन गरेको छु

## खानेपानी तथा सरसफाई

क) स्वच्छ, सुरक्षित तथा दिगो खानेपानी सेवामा नागरिकको पहुँच सुनिश्चित गर्न गाउँपालिकाभित्र सञ्चालित विभिन्न खानेपानी योजनाहरूको मर्मत सम्भार, संरक्षण, सुधार तथा दिगोपनाका कार्यक्रम कार्यान्वयन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

ख) फेदीखोला गाउँपालिकामा वैज्ञानिक तथा दिगो फोहोरमैला व्यवस्थापन प्रणालीको विकास गरी वातावरणीय सरसफाइ तथा सार्वजनिक स्वास्थ्यमा सुधार ल्याउने उद्देश्यले फेदीखोला फोहोरमैला संकलन केन्द्रका लागि आवश्यक मेसिन, औजार तथा उपकरण व्यवस्थापन गर्न रु५१ लाख बजेट विनियोजन गरेको छु । .

ग) स्वच्छ खानेपानी तथा सरसफाइ सेवाको दिगो र योजनाबद्ध विकास सुनिश्चित गर्न गाउँपालिकाको खानेपानी तथा सरसफाइ )WASH) कार्ययोजना निर्माण तथा कार्यान्वयनको आधार तयार गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

**सामाजिक विकास क्षेत्रका माथि** उल्लिखित कार्यक्रमहरू सञ्चालनको लागि रू २२ करोड १८ लाख ७० हजार ५ सय विनियोजन गरेको छु ।

## आर्थिक विकास

## कृषि तथा पशु विकासतर्फ

क) उच्च मूल्यका नगदे बाली तथा कृषि उद्यमको प्रवर्द्धनमार्फत कृषकहरूको आयआर्जन वृद्धि, रोजगारी सिर्जना र कृषि व्यवसायीकरणलाई टेवा पुऱ्याउन व्यावसायिक मौरीपालन तथा कफी खेती प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि रु४० लाख बजेट विनियोजन गरेको छु। .

ख) कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि, कृषकहरूको व्यावसायिक क्षमता विकास, कृषि उपजको सहज ढुवानी तथा बजारीकरण सुनिश्चित गर्दै कृषकलाई उत्पादनमा प्रोत्साहन गर्न उत्पादनमा आधारित अनुदान कार्यक्रम, न्यूनतम समर्थन मूल्य अनुदान कार्यक्रम, कृषक पाठशाला सञ्चालन तथा कृषि एम्बुलेन्स सञ्चालन साझेदारी कार्यक्रमका लागि रु१९ लाख बजेट विनियोजन गरेको छु। .

ग) कृषकहरूको पहिचान, क्षमता विकास, कृषि प्रविधिको विस्तार तथा उत्पादनमुखी कृषि प्रणालीलाई प्रवर्द्धन गर्न किसान परिचयपत्र वितरणका लागि कृषि तथ्याङ्क अद्यावधिक, गाउँपालिकास्तरीय कृषि मेला प्रदर्शनी, कृषकहरूको मागमा आधारित कार्यक्रम तथा पकेट क्षेत्र विकास प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

घ) कृषि उत्पादन वृद्धि, बाँझो जमिनको उपयोग तथा खेतीयोग्य भूमि संरक्षण गर्ने उद्देश्यले बाँझो जग्गामा खेती गर्ने किसानलाई प्रोत्साहनस्वरूप नगद अनुदान वितरण तथा भूमि बैंक स्थापना र सञ्चालन कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

ङ) कृषि उत्पादनको दिगोपना, स्थानीय खाद्य तथा बीउ सुरक्षाको सुनिश्चितता र रैथाने बालीहरूको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले मकै बीउ उत्पादन कार्यक्रम तथा रैथाने बाली संरक्षण कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

च) पशुपालन व्यवसायको प्रवर्द्धन, पशु स्वास्थ्य सुधार तथा महामारीजन्य रोगको नियन्त्रण गर्ने उद्देश्यले बाख्रा पकेट कार्यक्रम, जुनोटिक रोग सम्बन्धी अभिमुखीकरण कार्यक्रम तथा पशु पूर्ण खोप सुनिश्चितता कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

**पर्यटन, उद्योग, वित्तीय क्षेत्र तथा सहकारी**

क) गाउँपालिकाभित्र रहेका प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा पर्यापर्यटन सम्भावना बोकेका पर्यटकीय स्थलहरूको संरक्षण, विकास, प्रवर्द्धन तथा पर्यटन पूर्वाधार सुदृढीकरणमार्फत आन्तरिक तथा बाह्य पर्यटन प्रवाह वृद्धि गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

ख) स्थानीय स्रोत, सीप र उत्पादनमा आधारित उद्यमशीलताको विकास गरी रोजगारी तथा आयआर्जन अभिवृद्धि गर्न साना तथा घरेलु उद्योगहरूको प्रवर्द्धन, स्थानीय उत्पादनको ब्रान्डिङ, मूल्य अभिवृद्धि तथा बजारीकरणका कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

ग) वित्तीय पहुँच, वित्तीय अनुशासन तथा सहकारी क्षेत्रको सुशासन सुदृढीकरण गर्ने उद्देश्यले बैंक तथा वित्तीय संस्थाहरूसँगको सहकार्यमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन, सहकारी संस्थाहरूको नियमित अनुगमन तथा सम्बद्ध कर्मचारीहरूको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु

**आर्थिक विकास क्षेत्रका माथि** उल्लिखित कार्यक्रमहरू सञ्चालनको लागि रू २ करोड ३१ लाख ०२ हजार विनियोजन गरेको छु।

**पूर्वाधार विकास**

क) गाउँपालिकाको रणनीतिक महत्वको खड्केटारीदोबल्ला सडक–पञ्चासे–बाँगे–को स्तरोन्नति तथा यातायात पहुँच विस्तार गरी कृषि, पर्यटन र स्थानीय आर्थिक गतिविधिलाई टेवा पुऱ्याउन रु**२ करोड . ६४ लाख** बजेट विनियोजन गरेको छु।

ख) गाउँपालिकाको प्रमुख सडक सञ्जाललाई सुरक्षित, भरपर्दो तथा सर्वमौसमी बनाउँदै आवागमन सहजता, सेवा पहुँच तथा स्थानीय आर्थिक गतिविधि विस्तार गर्न फेदीखोलानुवाकोट सडकको –कालाभैरव– स्तरोन्नति कार्यक्रमका लागि**रु१ करोड .** बजेट विनियोजन गरेको छु।

ग) गाउँपालिकाको सडक सञ्जाललाई थप सुदृढ, सुरक्षित तथा सर्वमौसमी बनाउँदै स्थानीय बस्ती, कृषि उत्पादन क्षेत्र तथा सेवा केन्द्रहरूबीचको आवागमन सहज बनाउन कुभिण्डेनुवाकोट सडक –मट्टिखान– **१ करोड २० .**स्तरोन्नति कार्यक्रमका लागि रु लाख बजेट विनियोजन गरेको छु।

घ) गाउँपालिकावासीलाई गुणस्तरीय, सहज तथा पहुँचयोग्य स्वास्थ्य सेवा उपलब्ध गराउने दीर्घकालीन लक्ष्यअनुरूप १५ शैया अस्पताल निर्माण कार्यलाई निरन्तरता **दिन रु ८५ .लाख** बजेट विनियोजन गरेको छु।

ङ) स्थानीय पूर्वाधार विकासलाई थप प्रभावकारी बनाउँदै वस्तीस्तरीय योजनाहरू तथा सामुदायिक विद्यालयका भवन निर्माण, मर्मत तथा सम्भार कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

च) सेवा प्रवाहलाई थप प्रभावकारी, सुरक्षित र व्यवस्थित बनाउन वडा कार्यालयहरू, स्वास्थ्य चौकीहरू तथा गाउँपालिकाको भवन मर्मत तथा सम्भार कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

छ) गाउँपालिकाभित्र रहेका पुल, सामुदायिक भवन, सिँचाइ कुलो, गोरेटो बाटो तथा अन्य सार्वजनिक पूर्वाधारहरूको निर्माण, स्तरोन्नति, मर्मत तथा संरक्षण कार्यमार्फत स्थानीय नागरिकको आवागमन, उत्पादन र सेवा पहुँचमा सुधार ल्याउन आवश्यक बजेट विनियोजन गरेको छु।

**पूर्वाधार विकास क्षेत्रका माथि** उल्लिखित कार्यक्रमहरू सञ्चालनको लागि रू ६ करोड ०४ लाख ९० हजार विनियोजन गरेको छु।

**वन वातावरण तथा विपद् व्यवस्थापन**

क) मनसुनजन्य विपद्, आगलागी, बाढी, पहिरो, हावाहुरी, असिना, चट्याङ तथा अन्य प्राकृतिक एवं मानवीय विपद्को प्रभावकारी प्रतिकार्य, उद्धार, राहत तथा पुनःस्थापनाका कार्यहरू सञ्चालन गर्न विपद् व्यवस्थापन कोषका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

ख) विपद् जोखिम न्यूनीकरण तथा आपत्कालीन अवस्थामा प्रभावकारी उद्धार, खोज, राहत र प्रतिकार्य कार्यलाई सहज बनाउन आवश्यक उद्धार तथा विपद् व्यवस्थापन सामग्री, उपकरण र साधनहरूको खरिद तथा व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

ग) जलवायु परिवर्तनका असर न्यूनीकरण तथा वातावरणीय दिगोपन प्रवर्द्धन गर्ने उद्देश्यले जलवायु परिवर्तन अनुकूलन तथा दिगो विकास सम्मेलन सञ्चालन, जैविक विविधता पार्क स्थापना, सामुदायिक वन क्षेत्रमा फलफूल तथा जडीबुटीका बिरुवा रोपण तथा जलस्रोत संरक्षणका लागि रिचार्ज पोखरी निर्माण एवं मर्मत कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

घ) वन स्रोतको दिगो उपयोग, स्थानीय रोजगारी सिर्जना तथा हरित अर्थतन्त्रको प्रवर्द्धन गर्ने उद्देश्यले सामुदायिक वनमा आधारित वन उद्यम विकास, वनजन्य तथा गैरकाष्ठ वन पैदावारको उत्पादन, प्रशोधन, मूल्य अभिवृद्धि र बजारीकरण प्रवर्द्धनका लागि वन उद्यम कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

ङ) विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी तथा प्रभावकारी प्रतिकार्य क्षमताको विकास गर्ने उद्देश्यले गाउँपालिकाको विपद् प्रतिकार्य कार्ययोजना निर्माण, अद्यावधिक तथा कार्यान्वयनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

**वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रका माथि** उल्लिखित कार्यक्रमहरू सञ्चालनको लागि रू २६ लाख ५० हजार विनियोजन गरेको छु।

**आदरणीय सभाका अध्यक्षज्यू तथा सदस्यज्यूहरु** अब म उल्लेखित खर्चको लागि आ.व.२०८३/०८४ को स्रोत अनुमान पेश गर्ने अनुमति चाहन्छु ।

**स्रोत अनुमान विवरण (तालिका)**

| क्र.सं. | स्रोत समूह | अनुमानित आय |
|---|---|---|
| १ | संघीय सरकार,नेपाल सरकार ,१३३११-समानिकरण अनुदान, नगद अनुदान | ७,६३,००,०००.०० |
| २ | संघीय सरकार,नेपाल सरकार ,१३३१२-शसर्त अनुदान चालु, नगद अनुदान | १६,६०,००,०००.०० |
| ३ | संघीय सरकार,नेपाल सरकार ,१३३१३-शसर्त अनुदान पुँजीगत, नगद अनुदान | ८०,००,०००.०० |
| ४ | संघीय सरकार,नेपाल सरकार ,१३३१५-विषेश अनुदान पुँजीगत, नगद अनुदान | ५१,००,०००.०० |
| ५ | संघीय सरकार,नेपाल सरकार ,१३३१६-समपुरक अनुदान चालु, नगद अनुदान | १,८२,००,०००.०० |
| ६ | प्रदेश सरकार,गण्डकी प्रदेश ,१३३११-समानिकरण अनुदान, नगद अनुदान | ८६,३८,०००.०० |
| ७ | प्रदेश सरकार,गण्डकी प्रदेश ,१३३१४-विषेश अनुदान चालु, नगद अनुदान | ४०,००,०००.०० |
| ८ | प्रदेश सरकार,गण्डकी प्रदेश ,१३३१७-समपुरक अनुदान पुँजीगत, नगद अनुदान | ६०,००,०००.०० |
| ९ | राजस्व बाडफाड,राजस्व बाँडफाँड - प्रदेश सरकार ,१००२०-राजस्व बाँडफाँड, नगद | ६८,९६,९७३.०० |
| १० | राजस्व बाडफाड,राजस्व बाँडफाँड – स्थानीय ,१००२०-राजस्व बाँडफाँड, नगद | २०,००,०००.०० |
| ११ | राजस्व बाडफाड,राजस्व बाँडफाँड - संघीय सरकार ,१००२०-राजस्व बाँडफाँड, नगद | ६,३६,५३,०००.०० |
| १२ | अन्तरिक श्रोत | ३,२२,२८,४२७.०० |
| १३ | जनसहभागिता | ३०,००,०००.०० |
| | **जम्मा** | **४०,००,१६,४००.००** |

उल्लेखित सिलिङ बमोजिमको स्रोत अनुमान र विनियोजनलाई तुलना गर्दा कुल विनियोजित बजेट उपलब्ध स्रोतको तुलनामा उल्लेख्य रुपमा न्यून हुने देखिन्छ ।

आन्तरिक आम्दानीको अनुमान बमोजिम राजश्व प्राप्त गर्न निम्न बमोजिम नीतिहरु अवलम्वन गर्ने गरी प्रस्ताव गरेको छु ।

- आ.व. २०८२/०८३ मा संकलन गरेको राजस्वलाई आधार मानी राजस्वका थप क्षेत्रहरुको पहिचान गरी कार्यान्वयनमा ल्याउने र कार्यान्वयनमा आएका राजस्वका क्षेत्रहरुको दायरा फराकिलो बनाई आन्तरिक आय बृद्धि गर्ने योजना रहेकोले आ.ब. २०८२/०८३ को तुलनामा आन्तरिक आय उल्लेख्य वृद्धि हुने अनुमान गरेको छु ।
- व्यवसाय दर्ता कार्यलाई प्राथमिकतामा राखी जनताको चाहना बमोजिमको पेशालाई व्यवस्थित गर्न हाल व्यवसाय दर्ता गर्ने व्यवस्था गरिएको छ । उक्त व्यवस्थाबाट व्यवसायको वर्गीकरणको आधारमा व्यवस्थापन गर्दै व्यवसाय दर्ता र नविकरणलाई घुम्ती सेवा संचालन गरी असुलउपर गरिनेछ ।
- घरनक्सा पास तथा अभिलेखिकरणलाई प्रभावकारी रुपमा विशेष अभियान संचालन गरी कार्यान्वयनमा लगिनेछ ।
- गाउँपालिकाका पर्यटकीय गन्तव्यहरुलाई क्रमशः स-शुल्क आवागमन गराउने नीति अनुरुप आगामी आ.व. बाट भालु पहाड लगायतका पर्यटकिय स्थलमा पर्यटन शुल्क उठाइनेछ । जसबाट उल्लेख्य आन्तरिक आय वद्धि हुने अपेक्षा गरेको छु ।

कुनै एक वार्ड, गाउँ, क्षेत्रको विकासले मात्र समग्र गाउँपालिकाको विकास हुन नसक्ने यथार्थलाई मनन गर्दै योजना तथा कार्यक्रम तयार गर्दा सबै क्षेत्रलाई समेट्ने प्रयास गरिएको छ । यस बाट सबै क्षेत्रको सन्तुलित र समतामुलक विकासमा टेवा पुग्न जाने विश्वास लिइएको छ भने अर्को तर्फ सिमित स्रोत र साधनलाई प्राथमिकताको आधारमा बाँडफाँड गर्दा छिरलिन गएको भन्ने आलोचनाबाट मुक्त हुन आगामी दिन थप स्रोत र साधनको पहिचानमा ध्यान दिनुपर्ने देखिन्छ।

चालु आ.व.को विभिन्न मितिमा बसेको गाउँ कार्यपालिकाको बैठक तथा कार्यपालिका अन्तर्गतका विषयगत समितिहरुबाट भए गरेका नीतिगत निर्णय एवम् वित्तीय तथा आर्थिक दायित्व भएका निर्णयहरुको अनुमोदनका लागि सम्मानित सभा समक्ष पेस गरेको छु ।

अन्त्यमा प्रस्तुत बजेट तर्जुमा गर्ने चरणमा सहयोग पुर्याउनुहुने गाउँपालिकाका अध्यक्षज्यू, वडा अध्यक्षज्यूहरु एवम् पदाधिकारीज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत सहित सम्पूर्ण राष्ट्रसेवक कर्मचारीज्यूहरू एवम् प्रत्यक्ष र परोक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्णमा धन्यवाद व्यक्त गर्दछु ।

**देउ कुमारी गुरुङ**

**उपाध्यक्ष**